# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, जेठ ९ गते, २०६५ साल (अतिरिक्तांक ४

## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

**नेपाल सरकारबाट जारी भएको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**संवत् २०६५ सालको अध्यादेश नं. १**

**संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ लाई संशोधन गर्न बनेको अध्यादेश**

प्रस्तावना : संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसदको अधिवेशन वा बैठक नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम नेपाल सरकारले यो अध्यादेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "संविधान सभा सदस्य निर्वाचन (दोस्रो संशोधन) अध्यादेश, २०६५" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ५ मा संशोधनः** संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ (यसपछि "मूल ऐन" भनिएको) को दफा ५ को उपदफा (२) मा रहेका "दुवै निर्वाचन क्षेत्रबाट निर्वाचित भएमा" भन्ने शब्दहरु पछि "संविधानको धारा ६९ को उपधारा (१) बमोजिम अन्तिम" भन्ने शब्दहरु थपिएका छन् ।

३. **मूल ऐनमा दफा ५९क.थपः** मूल ऐनको दफा ५९ पछि देहायको दफा ५९क. थपिएको छ :-

"**५९क. संविधान सभा सदस्यको शपथ ग्रहणः** (१) दफा ३ बमोजिम निर्वाचित वा मनोनयन भएको सदस्यले संविधान सभा वा यसको कुनै समितिको पहिलो बैठकमा भाग लिनु अघि संविधान सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष अनुसूची-६ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

तर संविधानको धारा ७१ को उपधारा (२) बमोजिम अध्यक्षता गर्ने सदस्यले उपस्थित सदस्य समक्ष आफैं शपथ लिनु पर्नेछ ।

(२) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहेमा त्यस्तो सदस्यले उपदफा (१) बमोजिमको शपथको व्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रति संविधान सभा वा यसको कुनै समितिको पहिलो बैठकमा भाग लिनु तीन दिन अगावै व्यवस्थापिका-संसदको महासचिवलाई उपलव्ध गराउनु पर्नेछ ।

(३) यस दफा बमोजिम सदस्यले शपथ लिएपछि आफूले लिएको शपथको प्रतिमा हस्ताक्षर गरी संविधान सभाका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिएकोमा सरकारी कामकाजको नेपाली भाषा र अन्य नेपाली मातृभाषाको शपथका प्रतिहरुमा हस्ताक्षर गरी संविधान सभाका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम सदस्यले लिएको शपथको अभिलेख व्यवस्थापिका-संसद सचिवालयले राख्नेछ ।"

४. **मूल ऐनमा अनुसूची-६ थप :** मूल ऐनको अनुसूची-५ पछि देहायको अनुसूची-६ थपिएको छ:-

"अनुसूची-६

(दफा ५९क संग सम्बन्धित)

**संविधान सभा सदस्यले लिने पद तथा गोपनीयताको शपथको ढाँचा**

म (सम्बन्धित सदस्यको पूरा नाम) ..........................मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु / ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको अन्तरिम संविधान, २०६३ प्रति पूर्ण बफादार रहँदै संविधान सभाको सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी ईमान्दारीका साथ गर्नेछु ।

नाम, थर : ..........................

मिति : .....................  सही : ............................"

**प्रमाणीकरण मितिः २०६५।२।९**

आज्ञाले,
**डा. कुलरत्न भूर्तेल**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।